नेपाल सरकार
कृषि विकास मन्त्रालय
राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोष (NARDF)

## आयोजना अवधारणा पत्र (PCN) आह्वान गरिएको सूचना ( 13th Call)

नेपाल सरकारले कृषि अनुसन्धान तथा विकासको लागि प्रतिस्पर्धात्मक अनुदान प्रणाली कार्यान्वयन गर्न राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोषको स्थापना गरेको छ । यसै अनुरुप यस कोषले विगत केही बर्ष देखि प्रतिस्पर्धाको आधारमा छनौट भएका संस्थाहरुलाई कृषि अनुसन्धान तथा विकासको निम्ति आंशिक वा पूर्ण अनुदान रकम उपलब्ध गराउँदै आएको छ । यस वर्ष पनि सरकारी, नीजि, गैह्र सरकारी संघ संस्था, शैक्षिक संस्थाहरुवाट तलका शर्तहरुको अधिनमा रहि मिति २०७२ श्रावण मसान्त सम्म कार्यालय समय भित्र रु. १० (दश) को टिकट टांस गरी आयोजना अवधारणा पत्र (PCN) यस कोषमा दर्ता गराउन हुन आव्हान गरिन्छ । हुलाक मार्फत पठाईएका आयोजना अवधारणा पत्र पनि उक्त समय भित्र प्राप्त भै सकेको हुनुपर्नेछ । आयोजना अवधारणा पत्र पेश गर्ने संस्था र सहकार्य गर्ने संस्था आ.व. २०७०/२०७१ सम्मको नविकरण भएको दर्तावाल संस्था हुनुपर्नेछ साथै VAT मा दर्ता भै आ.व. २०७०/२०७१ सम्मको कर बुझाएको हुनुपर्नेछ । PCN नेपाली वा अंग्रेजी भाषामा लेख्न सकिनेछ । म्याद नाघि आएका वा उल्लेखित शर्त पूरा नभएका PCN मान्य हुने छैन । कुनै पनि PCN स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कोषमा रहने छ ।

*आयोजनाको प्राथमिकता क्षेत्र*

| Priority Area A ( up to Rs. 35 lakhs) | Priority Area B (Rs. 35 to 50 lakhs) |
|---|---|
| 1. Development and promotion of quality standards including SPS measures in important agricultural products | 1. Technology validation and dissemination to enhance the production and productivity of crops and livestock |
| 2. Promotion and improvement of area specific agricultural commodities | 2. Package of practices for NTIS-Agri-business enterprises for sustainable income generation |
| 3. Promotion of innovative technologies for year round forage and fodder management | 3. Promotion of climate smart agricultural technologies (climate adaptation) |
| 4. Promotion of package of practices for sustainable soil management | 4. Promotion of efficient water use technologies in agriculture |
| 5. Promotion of post harvest handling and processing technologies in fruits and vegetables of commercial importance | 5. Promotion of commercial seed production of cereals, legumes, vegetables and forage/fodder crops |
| 6. Development and promotion of women farmers friendly technologies in agriculture | 6. Promotion of technologies for safe and hygienic commercial fruit and vegetable production |
| 7. Promotion of high-tech vegetative propagation methods in fruits and ornamental plants | 7. Promotion of commercial fruit production and value addition technology |
| 8. Fattening of Buffalo male-calf for meat-enterprise | 8. Promotion of technologies for food and nutrition security |
| 9. Management of economically important diseases and pests of crops | 9. Promotion of bio-pesticides/ biological management practices in agriculture |
| 10. Promotion of improved recipes for utilization of local agro-products | 10. Promotion of commercial fish production and value addition technologies |
| 11. Promotion of agro-tourism in potential areas | 11. Domestication and value addition of medicinal and aromatic plants (MAPs) |
| 12. Promotion of conservation and utilization of plant and animal genetic resources | 12. Technology promotion and dissemination of aromatic fine rice varieties |
| 13. Promotion of improved organic package of practices for agriculture production | 13. Development & promotion of youth focused agro-enterprises |
| 14. Promotion of improved storage technology in food grains | 14. Promotion of agricultural mechanization (women and small farmer friendly) |
| 15. Research and Studies on issues of agricultural trade and marketing, and policy issues and implication | 15. Promotion and utilization of indigenous agricultural commodities |
| 16. Information & Communication Technology (ICT) in modern agriculture | 16. Promotion of sustainable farming technology including Resource Conservation Technology (RCT) |
| 17. Management of economically important animal diseases | 17. Production, processing and marketing of spice crops |

*PCN पेश गर्दा पालना गर्नु पर्ने शर्तहरु*

१. प्रस्तावकले माथि उल्लेखित कुनै एक प्राथमिकता क्षेत्रभित्र पर्ने गरि प्रस्तावक संस्थाको औपचारिक पत्र सहितको PCN पेश गर्नुपर्नेछ ।

२. यदि आयोजना प्रस्तावक सम्वन्धित आयोजना संचालन गरिने जिल्लाको नभएमा स्थानीय स्तरका कम्तिमा एक सम्वन्धित सरकारी र एक गैह्र सरकारी गरी दुई वटा सहकार्य गर्ने निकाय/संस्था संग सहकार्य/साझेदारी गरेको हुनुपर्नेछ । तर प्रस्तावक संस्था सम्वन्धित आयोजना जिल्लाको भएमा सम्वन्धित सरकारी निकायसंगको सहकार्य गरे मात्र पनि हुनेछ । सहकार्य/साझेदारी गर्ने संस्थाहरुसंग भएको सहमती वा समझदारी पत्र (MOU) मा प्रस्तावित आयोजनाको शीर्षक अनिवार्य रुपमा उल्लेख भएको हुनुपर्नेछ ।

३. सोच तालिका (Log frame) सहित यस कोषको फर्मेट अनुरुप लेखिएको ४ प्रति PCN मध्ये एक प्रतिमा परिचय खुलेको र तीन प्रतिमा प्रस्तावकको परिचय नखुलेको (Anonymous) हुनु पर्ने छ । प्रस्ताव गरिएको आयोजना अवधारणा पत्र anonymous भनिएका तीन प्रतिमा कुनै पनि पानामा संस्था चिन्हिने संकेत राखिएको पाइएमा उक्त संस्थाका PCN स्वतः रद्द गरिने छ ।

४. आयोजना संयोजक (Project Coordinator) को शैक्षिक योग्यता आयोजनासंग सम्वन्धित विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण गरेको हुनु पर्नेछ । एक जना आयोजना संयोजकले एउटा भन्दा बढी आयोजनाको संयोजक भई प्रस्ताव पेश गर्न पाउने छैन । कुनै एक व्यक्ति दुई भन्दा बढी आयोजनाको Team member हुनसक्ने छैन । यस कोषको सहयोगमा संचालित आयोजनाका संयोजकले दुई वटा आयोजना संचालन गरिरहेका अवस्थामा यस आह्वानमा आयोजना संयोजक हुने गरी प्रस्ताव गर्न पाइने छैन ।

५.कुनै एक संस्थाले दुई वटा भन्दा बढी PCN पेश गर्न पाउने छैन ।

६. यस कोषको अनुदानमा आयोजना सञ्चालन गरी मिति २०७२ श्रावण मसान्त सम्म सम्पन्न नगरिसकेका संस्थाहरुले पून यस आह्वानमा PCN पेश गर्न सक्ने छैनन् ।

७. सहकार्य तथा साझेदारी गर्ने संस्थाहरुको हकमा यस आह्वानमा बढीमा दुई प्रस्तावक संस्थाहरुसंग मात्र सहकार्य गर्न सकिने छ ।

८. PCN पेश गर्दा यस कोषको NARDF Operating Manual, 2015 को Chapter 3 अनुसार निर्धारित फर्मेट र उल्लेखित शर्तहरु अनुरुप हुनुपर्नेछ ।

थप जानकारी को लागि


राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोष (NARDF)
सिंहदरवार प्लाजा, काठमाण्डौं
टेलिफोन : ४२६५०८१/४२५७२७८/४२१६८०४
Website: http:// www.nardf.org.np


२०७२।०३।२५
सदस्य सचिव
रा.प.प्रथम (प्रा)

नेपाल सरकार
कृषि विकास मन्त्रालय
राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोष (NARDF)
सिंहदरवार प्लाजा, काठमाण्डौं

# सूचना

मिति २०७२।०३।२९ को गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित यस कोषको तेह्रौं आयोजना अवधारणा पत्र आह्वान (13th PCN Call) सम्वन्धमा थप स्पष्टोक्ती आवश्यक देखिएकोले प्रस्तावकले सूचनामा उल्लेखित अन्य कुराहरुको अतिरिक्त निम्न वुदाहरु पनि पालना गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ ।

१. प्रस्तावक संस्थाको योग्यताको हकमा सो संस्थाको उद्देश्य कोषको NARDF Operating Manual 2015 अनुसारको विषयगत क्षेत्र (Thematic Area) संग मेल खाने हुनु पर्नेछ ।

२. अन्य शर्तहरुको हकमा NARDF Operating Manual 2015 को प्रावधान अनुसार हुनेछ ।

सुरेश बावु तिवारी
सदस्य सचिव